# स्थानीय राजपत्र

**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ७) भिमाद फागुन २३ गते, २०८० साल (संख्या ६**


**भाग २**

**भिमाद नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भिमाद नगरपालिकाको खर्चको मापदण्ड (चौथो संशोधन), २०८०

भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६ लाई समसामयिक तथा समयानुकूल संशोधन गर्न बाञ्छनीय भएकोले,

नगर कार्यपालिकामको मिति २०८०।११।१० गतेको नगर कार्यपालिकाको वैठकले देहायको मापदण्ड स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यो मापदण्डको नाम "**भिमाद नगरपालिकाको खर्चको मापदण्ड (चौथो संशोधन), २०८०"** रहेको छ ।

(२) यो मापदण्ड सम्वत् २०८० साल चैत १ गतेवाट लागु हुनेछ ।

२. **मूल मापदण्डको दफा ७ मा संशोधन** - भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६ को परिच्छेद २ को दफा ७ को उपदफा (१) को सट्टा देहाय बमोजिम उपदफा (१) कायम गरिएको छ ।

(१) अत्यधिक समय फिल्डमा खटिई कार्य गर्नुपर्ने सि.डि.ई (नवौ/दशौ), इन्जिनियर (छैठौ/सातौ/आठौ), असिष्टेन्ट सब इन्जिनियर र सब इन्जिनियर (चौथो/पाचौ) र अमिन (चौथो) पदमा नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरु मध्ये इन्जिनियरको रु.१०,०००।– सब इन्जिनियरको रु.७,०००।– र असिष्टेन्ट सब इन्जिनियरको रु.५,०००।– रकम फिल्ड भत्ता वापत उपलब्ध हुनेछ तर महिनामा ७ दिन भन्दा बढी बिदामा बसेमा फिल्ड भत्ता उपलब्ध हुने छैन।

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित । मूल्य रु.१०।-**